# नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रद्वारा सञ्चालित उपाधिमूलक विद्यावारिधि कार्यक्रमको प्रवेश परीक्षासम्बन्धी सूचना

(प्रकाशन मिति : २०८२/०४/०७)

यस विश्वविद्यालयको शैक्षिक वर्ष २०८१/०८२ को स्वीकृत अनुसन्धान कार्यक्रमअन्तर्गत २०८२/०१/०४ गते ३५ दिनको समय दिएर प्रथम पटक र पुन: २०८२/०२/०७ गते १५ दिन समयावधि थप गरी पाठ्यक्रममा आधारित विद्यावारिधि शोध कार्यक्रमका लागि आवेदन आह्वान गरिएकोमा उक्त सूचनामा उल्लेख गरिएका आवश्यक कागजातसहित रीतपूर्वक आवेदन दिएका तपसिलबमोजिमका शोधार्थीहरूको प्रवेश परीक्षा यही २०८२/०४/१६ गते शुक्रवारका दिन दिउँसो १.०० बजेदेखि दाङस्थित केन्द्रीय आयुर्वेद विद्यापीठ बेलझुण्डी र काठमाडौंस्थित वाल्मीकि विद्यापीठ प्रदर्शनीमार्गमा सञ्चालन हुने बेहोरा सम्बद्ध सबैको जानकारीका लागि अनुरोध छ। यससम्बन्धी विस्तृत जानकारीका लागि विश्वविद्यालयको वेबसाइट www.nsu.edu.np हेर्नुहुन र कार्यालयको फोन नं. ०८२-४०००९१ र मोबाइल ९८५७८२४४०२, ९८४७८५५७११ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

## प्रवेशपरीक्षाका लागि प्रारम्भिक मापदण्ड पूरा गरेका शोधेच्छुहरूको नामावली

| क्र.सं. | नाम |
|---|---|
| १. | पेशल लुइटेल |
| २. | रञ्जन सिग्देल |
| ३. | लोकबहादुर शाही |
| ४. | भुवनप्रसाद अर्याल |
| ५. | सुदर्शन पराजुली |
| ६. | गौतम रानाभाट |
| ७. | हिमालय भट्टराई |
| ८. | पुण्यप्रसाद भट्टराई |
| ९. | नरबहादुर बस्नेत |
| १०. | भूपबहादुर बुढाथोकी |
| ११. | नानुमाया देवकोटा |

| | |
|---|---|
| १२. | कुलप्रसाद घिमिरे |
| १३. | सीता अधिकारी |
| १४. | तेजप्रकाश पौडेल |
| १५. | ओमप्रकाश पौडेल |
| १६. | कानुनलाल चौधरी |
| १७. | ध्रुवप्रसाद तिमल्सेना |
| १८. | नर रावत |
| १९. | कपिलदेव सुवेदी |
| २०. | मुकुन्दप्रसाद शर्मा |
| २१. | दामोदरप्रसाद सुवेदी |
| २२. | भगवती वस्याल |
| २३. | सिर्जना चापागाईं |
| २४. | विभुप्रसाद अर्याल |
| २५. | राजेशकुमार यादव |
| २६. | अशोककुमार खड्का |
| २७. | दिनेशकुमार बर्तौला |
| २८. | खगेन्द्रप्रसाद नेपाल |
| २९. | रूपक अधिकारी |
| ३०. | सीताकुमारी सापकोटा |
| ३१. | सुरेशराज पौडेल |
| ३२. | शान्तरत्न वज्राचार्य |
| ३३. | हरिप्रसाद पौडेल |
| ३४. | सुशीला ढकाल अधिकारी |

| | |
|---|---|
| ३५. | नरोत्तम भट्टराई |
| ३६. | कुमार खतिवडा |
| ३७. | तुलसी पौडेल |
| ३८. | श्रीराम थारू |
| ३९. | कृष्णप्रसाद भण्डारी |
| ४०. | नारायणप्रसाद भण्डारी |
| ४१. | चेतराज ओझा |
| ४२. | अञ्जना महर्जन |
| ४३. | रामप्रसाद खनाल |
| ४४. | खिमराज कँडेल |
| ४५. | इन्द्रमणि पौडेल |
| ४६. | सुनिल उपाध्याय |
| ४७. | गिरिराज पौडेल |
| ४८. | रिमबहादुर खड्का |
| ४९. | केशवराज फुलारा |
| ५०. | जनक वि.क. |
| ५१. | डा. शिवनारायणप्रसाद गुप्ता |
| ५२. | अर्जुन खतिवडा |
| ५३. | दामोदर रेग्मी |
| ५४. | विष्णु चौधरी |
| ५५. | टीकाराम नेपाल |
| ५६. | वेदप्रसाद खरेल |
| ५७. | सुशीलकाजी बानियाँ |

| | |
|---|---|
| ५८. | शारदा पराजुली |
| ५९. | सुदर्शन ढुङ्गाना |
| ६०. | अर्जुनबाबु दाहाल |
| ६१. | केशवमणि घिमिरे |
| ६२. | विष्णुप्रसाद शर्मा |
| ६३. | चिन्तामणि भट्टराई |
| ६४. | दुर्गाप्रसाद पौड्याल |
| ६५. | विष्णुप्रसाद पन्थी |
| ६६. | डिल्लीराम ढकाल |
| ६७. | आनन्दा खत्री |
| ६८. | गणेश पार्धे |
| ६९. | चन्द्रमान खड्का |
| ७०. | खगराज अधिकारी |
| ७१. | धीरेन्द्रकुमार झा |
| ७२. | प्रवीण न्यौपाने |
| ७३. | विनय कुमार निराला |
| ७४. | सोमनाथ शर्मा |
| ७५. | वीरेन्द्र महरा |
| ७६. | देवकी दुलाल |
| ७७. | विजय कँडेल |

## प्रवेशपरीक्षासम्बन्धी अन्य जानकारी

- प्रवेश परीक्षाको पूर्णाङ्क ५० र समय दुई घण्टा हुनेछ।
- निर्धारित मितिमा दिउँसो १.०० बजेदेखि ३.०० बजेसम्म परीक्षा सञ्चालन गरिनेछ।
- प्रवेश परीक्षामा अङ्ग्रेजी भाषाका शोधार्थीले अङ्ग्रेजी भाषाकै प्रयोग गर्नुपर्नेछ। त्यस्तै संस्कृतका शास्त्रीय विषयका शोधार्थीले संस्कृत भाषामै उत्तर लेख्नुपर्नेछ भने अङ्ग्रेजीबाहेक अन्य आधुनिक विषयका शोधार्थीले नेपाली वा अङ्ग्रेजीमध्ये कुनै एक भाषालाई माध्यम बनाउन सक्नेछन्। तर कतै नेपाली र कतै अङ्ग्रेजी भाषा प्रयोग गर्न पाइने छैन।
- प्रवेशपरीक्षाको प्रवेशपत्र अनुसन्धान केन्द्रको काठमाडौँस्थित अस्थायी कार्यालय वा दाङस्थित केन्द्रीय कार्यालयमा साउन १३ देखि १६ सम्ममा आवेदक स्वयं उपस्थित भई बुझेर लैजानु पर्नेछ।
- प्रवेश परीक्षा उत्तीर्ण गरेका साथै शोधलेख र शोधअवधारणापत्रको मूल्याङ्कनबाट समेत छानिएका आवेदकलाई मात्र अन्तर्वार्तामा सामेल गराइने छ।
- प्रवेश परीक्षा र अन्तर्वार्ता दुवैमा उत्तीर्ण भएका आवेदकमध्ये योग्यताक्रममा परेका आवेदकलाई मात्र भर्ना हुनका लागि अनुमति दिइने छ। भर्नाका लागि अनुमति पाएका आवेदकलाई विद्यावारिधिको प्रक्रियालगायतका संस्थागत विषयमा जानकारी दिनका लागि एक दिवसीय अभिमुखीकरण गोष्ठी सञ्चालन गरिने छ। उक्त गोष्ठीको अन्त्यमा तोकिएको कक्षा सहभागिता शुल्क लिई अस्थायी पञ्जीकरण गरिने छ। यसपछिका अन्य प्रक्रिया उक्त अभिमुखीकरण गोष्ठीका बेला जानकारी गराइने छ।
- आफूले दाङ र काठमाडौँमध्ये कुन चाहिँ केन्द्र रोज्न चाहेको हो, सोको बारेमा हरेक शोधार्थीले २०८२ श्रावण १२ भित्र अनुसन्धान केन्द्रलाई अनिवार्य रूपमा जानकारी गराइसक्नु पर्नेछ। सोको जानकारी मोबाइल नं. ९८५७८२४४०२, ९८४७८५५७११ मा सम्पर्क गरी दिनुहोला।
- प्रवेश परीक्षामा सोधिन सक्ने प्रश्नहरूको नमुना यसै सूचनाका साथ विश्वविद्यालयको वेबसाइटमा राखिएको छ।
- प्रवेश परीक्षा सञ्चालनसम्बन्धी मापदण्ड परिशिष्ट १ मा दिइएको छ।

नेपाल संस्कृत विश्वविद्यालय
Nepal Sanskrit University
बेलझुन्डी, दाङ
Beljhundi, Dang
अनुसन्धान केन्द्र
Research Center

## परिशिष्ट १ : विद्यावारिधि प्रवेश परीक्षा सञ्चालन मापदण्ड-२०८२

### विद्यावारिधि २०८२ समूहको प्रवेश परीक्षा निम्न मापदण्डमा आधारित रहेर सञ्चालन गरिनेछ :

१. परीक्षालाई व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र दृढ छ।

२. शोधार्थीहरूले काठमाडौं र दाङमध्ये आफूलाई पायक पर्ने कुनै केन्द्रमा गएर परीक्षा दिन सक्नेछन्। तर यसका लागि पहिले नै केन्द्र चयन गर्नु पर्नेछ।

३. परीक्षार्थीले आफ्नो साथमा परिचय खुल्ने कुनै कागजात अनिवार्य रूपमा साथमा लिएर परीक्षा सुरु हुनुभन्दा कम्तीमा २० मिनेट अगावै परीक्षाकेन्द्रमा आउनु पर्नेछ, जस्तै : परिचयपत्र वा नागरिकता।

४. शोधार्थीहरूले उत्तरपुस्तिकाको कुनै पनि भागमा आफ्नो नाम उल्लेख गर्न हुने छैन, प्रवेश पत्रमा दिइएको सिट नम्बरलाई अङ्क र अक्षरमा बुझिने गरी लेख्नु पर्नेछ।

५. उत्तरपुस्तिकाको दुवैतिर स्वच्छ र स्पष्ट तरिकाले उत्तर लेख्नु पर्नेछ साथै उत्तरपुस्तिकाको कुनै पनि पानालाई च्यात्न पाइने छैन।

६. एउटा प्रश्नको सबै उत्तर एकै ठाउँमा लेख्नु पर्नेछ।

७. उत्तरपुस्तिकामा प्रश्नको उत्तरबाहेक अरू कुनै पनि कुरा लेख्न पाइने छैन।

८. द्वितीय उत्तरपुस्तिकालाई प्रथम उत्तरपुस्तिकासँगसँगै स्टिच गरेर एकसाथ बुझाउनु पर्नेछ।

९. शोधार्थीले उत्तरपुस्तिकामा कालो मसी भएको कलम/डट्पेन मात्र प्रयोग गर्नु पर्नेछ।

१०. तोकिएको मिति र समयमा अनुपस्थित हुने परीक्षार्थीको पुनः परीक्षा लिन अनुसन्धान केन्द्र बाध्य हुने छैन।

११. 'एक बेञ्च, एक शोधार्थी' को नीतिलाई कडाइका साथ पालना गरिनेछ।

१२. परीक्षा केन्द्रमा भीडभाडलाई न्यून गरिनेछ।

१३. परीक्षा भवनमा झोला, मोबाइल फोन तथा अन्य इलेक्ट्रोनिक्स डिभाइसहरू लैजान निषेध गरिएको छ।

१४. परीक्षामा खटिएका केन्द्राध्यक्ष, सुपरिवेक्षक र निरीक्षकले दिएको निर्देशनको पूर्ण पालना गर्नु शोधार्थीको कर्तव्य हुनेछ।

१५. परीक्षार्थीहरू परीक्षाको समयमा समूहमा भेला हुने र कुराकानी गर्ने गर्नु हुँदैन।

१६. परीक्षासम्बन्धी सम्पूर्ण विषयमा अनुसन्धान परिषद्को निर्णय अन्तिम हुनेछ।

(प्रा.डा. सुधनकुमार पौडेल)
कार्यकारी निर्देशक

कार्यकारी निर्देशक
अनुसन्धान केन्द्र